# लागू औषध नियन्त्रण कार्ययोजना २०७६,रसुवा

| क्र.स | कार्यविवरण | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| **क. सचेतना अभिवृद्धि सम्बन्धि क्रियाकलाप** | | | | | |
| १ | लागू औषध अपराध नियन्त्रण सम्बन्धी तर्जुमा भएका कानुनी तथा नीतिगत व्यवस्थाहरु, लागू पदार्थ सेवनबाट हुने व्यक्तिगत समस्या, सामाजिक र आर्थिक रुपमा हुने क्षति, दुर्व्यसनको लक्षण, प्रभाव र जोगिने उपायहरुका वारेमा जानकारी तथा यस कार्यमा समुदायको भुमिका विषयमा विद्यालयस्तरमा सामाजिक अपराध न्यूनिकरणका लागि जिल्ला प्रशासन कार्यालय/शिक्षा विकास तथा समन्वय इकाइबाट तोकिएका सबै माध्यमिक विद्यालय (२३ वटै) का माध्यमिक तहमा सामाजिक विषय अध्यापन गर्ने शिक्षकहरु (Focal Teacher) हरुको क्षमता विकास गरी विद्यार्थी परिचालन मार्फत Student Outreach Program सञ्चालन गरी समुदाय सचेतना अभिवृद्धि गर्ने। | विद्यालय (सामाजिक अपराध न्यूनिकरण सम्पर्क शिक्षक) | - जिल्ला प्रशासन कार्यालय<br>- जिल्ला प्रहरी कार्यालय<br>- शसस्त्र प्रहरी वल<br>- शिक्षा विकास तथा समन्वय इकाइ<br>- नागरिक समाज | २०७५ फाल्गुन महिना देखि निरन्तर | कानुनी व्यवस्थाका वारेमा स्थानीय नागरिकहरु जानकार हुने। |
| २ | लागू औषध अपराध नियन्त्रण सम्बन्धी समुदाय स्तरमा विभिन्न कार्यक्रमहरु गर्न जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका सबै संघ संस्थाहरुलाइ पत्राचार गरी अनुरोध गर्ने। | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह<br>संघ/ सस्थाहरु | २०७५ माघ मसान्त | संघ संस्थाहरुबाट समेत सचेतनामूलक कार्यक्रम हुने। |
| ३ | लागू औषध सेवन बाट पर्ने असर तथा उत्पादन र ओसारपसार गर्दा हुने दण्ड सजायका वारेमा जानकारी दिनका लागि जिल्ला सदरमुकाम धुन्चे वजार तथा मुख्य वजार क्षेत्रहरु (टिमुरे, स्याप्रु, कालिकास्थान र वेत्रावती) मा सडक नाटक, सांगितिक कार्यक्रमहरु प्रदर्शन/सञ्चालन गर्ने। | जिल्ला प्रशासन कार्यालय | - जिल्ला प्रहरी कार्यालय<br>- लैङ्गिक हिंसा नियन्त्रण जिल्ला सञ्जाल<br>- संघ संस्थाहरु | २०७५ चैत्र मसान्त भित्र | लागू औषधजन्य अपराध न्यूनीकरण हुने। |
| ४ | लागू औषध अपराध नियन्त्रण सम्बन्धमा स्थानीय सञ्चार माध्यम मार्फत सचेतनामूलक सन्देश प्रशारण गर्ने। | जिल्ला प्रशासन कार्यालय | - सञ्चार माध्यम | २०७५ फाल्गुन पहिलो हप्ता भित्र | |
| ५ | लागू औषध अपराध नियन्त्रण सम्बन्धी सचेतनाका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न स्थानीय तहहरुलाइ अनुरोध | जिल्ला प्रशासन कार्यालय | - स्थानीय तह | २०७५ माघ मसान्त भित्र | |

| क्र.स | कार्यविवरण | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | गर्ने । | | | | |
| ६ | जिल्ला प्रशासन कार्यालयमा रहेको Digital Citizen Charter मार्फत लागू औषध अपराध न्यूनीकरण सम्बन्धि सन्देशमूलक Video प्रशारण गर्ने । | जिल्ला प्रशासन कार्यालय | | २०७५ माघ मसान्त देखि निरन्तर | सचेतना अभिवृद्वि हुने |
| ७ | पासाङल्यामू राजमार्गमा सञ्चालन हुने साना/ठूला मालवाहक तथा यात्रुवाहक सवारी साधनका चालकहरुलाइ लागू पदार्थ सेवनबाट हुने हानि, कानुन अनुसार हुने दण्ड जरिवानाका वारेमा जानकारी गराउने । | - जिल्ला प्रहरी कार्यालय<br>- जिल्ला ट्राफिक प्रहरी | जिल्ला प्रशासन कार्यालय | २०७५ फाल्गुन पहिलो हप्ता देखि निरन्तर | लागू पदार्थ सेवान गरी सवारी सञ्चालन नहुने । |
| **ख. लागू औषधको स्रोत पहिचान तथा व्यवस्थापन** | | | | | |
| ८ | लागू पदार्थ सेवन तथा ओसारपसारमा संलग्न हुन सक्ने व्यक्तिहरुको पहिचान गरी निगरानी वढाउने । | जिल्ला प्रहरी कार्यालय | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | निरन्तर | लागू पदार्थको ओसर पसार नहुने |
| ९ | व्यावसायिक रुपमा घरेलु मदिरा उत्पादन गर्ने स्थान र व्यक्तिहरुको विवरण अद्यावधिक गरी रोक लगाउने । | जिल्ला प्रशासन कार्यालय | - जिल्ला प्रहरी कार्यालय<br>- राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | निरन्तर | |
| १० | व्यावसायिक रुपमा गाँजा खेती भएको स्थानको वारेमा स्थानीय सुरक्षा इकाइहरु परिचालन गरी पहिचान गर्ने र स्थानीय तह तथा नागरिक समाजका प्रतिनिधिहरुको सहभागीतामा नष्ट गर्ने । | जिल्ला प्रहरी कार्यालय | - जिल्ला प्रशासन कार्यालय<br>- स्थानीय तह<br>- नागरिक समाज | निरन्तर | लागू पदार्थ (गाँजा) प्रयोग कर्ता घट्ने । |
| **ग. अनुगमन/निगरानी/चेकजाँच तथा नियन्त्रण र कानूनी कार्वाही** | | | | | |
| ११ | रसुवागढी नाकामा परिचालन हुने एकीकृत सूचना संकलन संयन्त्र (Integrated Intelligence Network) को परिचालन गरी लागू औषध उत्पादन, प्रयोग तथा ओसारपसारका गतिविधिहरुको सूचना संकलन गरी नियन्त्रण गर्ने । | सबै सुरक्षा निकायहरु | - जिल्ला प्रशासन कार्यालय<br>- स्थानीय तह<br>- नागरिक समाज | | सीमा क्षेत्रमा हुने लागू औषध जन्य अपराध न्यूनिकरण हुने । |

| क्र.स | कार्यविवरण | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १२ | पासाङ्ल्यामू राजमार्गका विभिन्न शंकास्पद स्थानहरु, मुख्य वजार स्थलहरुमा लागू पदार्थ विक्रि वितरण तथा सेवन हुनसक्ने भएकोले नियमित तथा आकस्मिक चेकजाँच गर्ने। | जिल्ला प्रहरी कार्यालय | यातायात व्यावसायी संघ | निरन्तर | |
| १३ | इजाजत लिएर मात्र मदिरा तथा सूर्तिजन्य पदार्थ विक्रि वितरण गर्ने वातावरण सिर्जनाका लागि नियमित रुपमा वजार अनुगमन गर्ने। | जिल्ला प्रशासन कार्यालय | वजार अनुगमन संग सम्वन्धित निकायहरु | चौमासिक रुपमा | इजाजत लिएर मात्र व्यावसाय सञ्चालन हुने। |
| १४ | सार्वजानिक स्थलहरुमा धुम्रपान तथा मद्यपान सेवन गर्न नदिने | जिल्ला प्रहरी कार्यालय | नागरिक समाज | निरन्तर | समाज सभ्य तथा सदाचारी हुने। |
| १५ | मादक पदार्थ सेवन गरी सवारी सञ्चालन हुन नदिनका लागि नियमित तथा आकस्मिक रुपमा मापसे जाँच गर्ने। | जिल्ला प्रहरी कार्यालय | यातायात व्यावसायी संघ | निरन्तर | सवारी दुर्घटना न्यूनीकरण हुने। |
| १६ | मदिरा तथा मदिराजन्य पदार्थहरु विक्रि तथा प्रयोग गर्ने निश्चित समय निर्धारण गरी कार्यान्वयन गर्ने कार्यमा व्यापारी, व्यावसायीहरुलाइ अनुरोध गर्ने साथै यस कार्यमा स्थानीय तहहरुसंग समेत समन्वय गर्ने। | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह | २०७५ फाल्गुन १५ गते भित्र | मदिरा प्रयोग व्यवस्थित हुने। |
| १७ | न्यून गुणस्तरका मदिरा (मनकामना डिस्टीलरी उद्योग गैडाकोटबाट उत्पादित सानी स्पेशल Apple लगायत प्लाष्टिकको वोतलमा भएका) सेवनबाट मानवीय क्षती भैरहेको जानकारी प्राप्त भएकोमा वजार अनुगमन गर्दा उक्त मदिरामा आन्तरिक राजश्व विभागबाट अन्तशुल्क स्टीकर समेत टाँस भएको पाइएकोले विक्रि वितरण रोक लगाउन कठिनाइ भएको हुंदा कमजोर गुणस्तरका मदिराहरुमा अन्तशुल्क स्टीकर टाँस नगर्नका लागि आवश्यक समन्वय हुन गृह मन्त्रालयलाइ अनुरोध गर्ने। | जिल्ला प्रशासन कार्यालय | | २०७५ माघ मसान्त भित्र | मदिरा सेवनबाट हुने मानवीय क्षति न्यनिकरण गर्ने। |